# पाठ १

# जन्मभूमि

puspas.com.np

**शब्दार्थ**

प्रहर : दिन र रातलाई आठ भाग लगाई आउने समय (तीन घन्टाको समय), याम
शौच : दिसा, पिसाब आदि गरेर सफा हुने काम, सफाइ
स्वजन : आफ्ना परिवारका मानिस, नातेदार
अहङ्कार : आफूलाई सर्वेसर्वा ठान्ने, घमन्ड, सेखी
हडप्ने : अरूको धनमाल वा सम्पत्ति हाकाहाकी लिने, लिएर फिर्ता नदिने
दुर्दशा : आपद् विपद् परेको अवस्था, खराब हालत
अपहरण : कुनै वस्तु वा व्यक्तिलाई जबरजस्ती उठाएर लैजाने काम
चानचुने : सानोतिनो, मसिना, उल्लेख्य नभएको, नगण्य, सामान्य
मुक्त : कसैको अधीन वा बन्धनबाट छुटेको, फुक्का, स्वतन्त्र
सर्वाधिक : सबैभन्दा बढी
परास्त : पराजित भएको, हारेको
अपार : पार पाउन नसकिने, असीमित, अनन्त
ताजा : आलो, बासी नभएको
वाण : धनुमा राखेर ताँदोले लक्ष्यतिर हुत्याउने तीखो, धारिलो अस्त्र, काँड, तीर
विगत : गएको, बितेको, व्यतीत, गत
स्मृति : सम्झना, हेक्का
नित्यकर्म : दिन दिनै गरिने काम
कुलद्रोही : कुल वा वंशकै कुभलो गर्ने
पक्षपाती : कुनै एक पक्षमा लाग्ने
सुस्केरा : पीडा, शारीरिक थकान आदिले गर्दा मुखबाट निस्केको लामो सास, उच्छ्वास, खुइय्य
लालचा : कुनै वस्तु पाउने उत्कट चाहना, अतिलोभ, लालसा
वैभव : सम्पत्ति, ऐश्वर्य
योग्य : सिपालु, जान्ने
कलङ्क : दोष, कसुर, अपजस
प्रतीक्षा : कुनै कुराको आशामा रहेको पर्खाइ, बाटो हेराइ
उत्तराधिकारी : कसैको कार्यकालको समाप्ति वा मृत्युपछि उत्तराधिकारको रूपमा पद, प्रतिष्ठा वा सम्पत्ति पाउने व्यक्ति, हकवाला, रोलवाला
विजेता : कसैकाथि विजय गर्ने, जित्ने, विजयी, जेता
अधिपति : मालिक, स्वामी, राजा
अविस्मरणीय : बिर्सन नमिल्ने
क्षितिज : चारैतिर पृथ्वी र आकाश जोडिए जस्तो देखिने स्थान वा गोलो परिधि
इन्द्रेणी : घामपानी भएको बेला घामको विपरीत दिशातर्फ देखिने सात प्रकारको रङ हुने
आजन्म : जन्मपर्यन्त, नमरुन्जेल
समृद्ध : धनधान्य आदिले सम्पन्न
बलबुता : शक्ति
अधीनस्थ : अर्काको वशमा परेको, परतन्त्र
भव्य : आकर्षक, सुन्दर, उत्तम
आत्मसात् : पुरै आफ्नोअन्तर्गत ल्याइएको, कुनै विचार वा सिद्धान्तलाई स्वीकार गर्ने काम
अनुकरणीय : सिको गर्न लायक
रामराज्य : अयोध्याका राजा रामचन्द्रको जस्तो शासन व्यवस्था, राजा र प्रजा सबैले नीतिनियम तथा मर्यादा पालन गरेको राज्य, सुख शान्ति भएको आदर्श राज्य

puspak.com.np

# अभ्यास

पेज ५

## सुनाइ

१. **पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र त्यस अनुच्छेदमा कुन-कुन पात्रहरूको नाम उल्लेख भएको छ, भन्नुहोस् ।**

उत्तर: विद्यार्थीले पाठको पहिलो अनुच्छेद शिक्षक वा साथीबाट सुन्ने र त्यस अनुच्छेदमा लक्ष्मण, रामचन्द्र, सुग्रीव, हनुमान्, विभीषणको नाम उल्लेख भएको बताउने ।

२. **पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र विभीषणलाई किन निद्रा लागेन, भन्नुहोस् ।**

उत्तर: विद्यार्थीले शिक्षकबाट पाठको दोस्रो अनुच्छेद सुन्ने, त्यसपछि युद्धमा मारिने सबै उनका स्वजनहरू वा आफ्नै दाजु भतिजा र अरू अरू नातेदारहरू भएकाले मनमा पीर परेकाले विभीषणलाई निद्रा लागेन ।

३. **पाठको अन्तिम अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

उत्तर: पाठको अन्तिम अनुच्छेद कक्षामा शिक्षकबाट सुन्नु र विद्यार्थीले शुद्धसँग लेख्न कोसिस गर्ने ।

## बोलाइ

४. **तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस्:**

**अहङ्कार, हड्प्नु, सर्वाधिक, परास्त, आग्रह, पक्षपाती, अधीनस्थ, हस्तान्तरण, अनुकरणीय**

उत्तर: दिइएका शब्दहरू विद्यार्थीले शुद्धसँग उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

५. **तलका शब्दको अर्थ भन्नुहोस्:**

**प्रहर, स्वजन, दुर्दशा, ताजा, स्मृति, नित्यकर्म, योग्य, कलङ्क, प्रतीक्षा, अविस्मरणीय, कार्यभार, आदर्श**

उत्तर:

| | | |
|---|---|---|
| प्रहर | : | दिन र रातलाई आठ भाग लगाई आउने समय (तीन घन्टाको समय, याम |
| स्वजन | : | आफ्ना परिवारका मानिस, नातेदार |
| दुर्दशा | : | आपद् विपद् परेको अवस्था, खराब हालत |
| ताजा | : | आलो, बासी नभएको |
| स्मृति | : | सम्झना, हेक्का |
| नित्यकर्म | : | दिन दिनै गरिने काम |
| योग्य | : | राम्रो सिप वा क्षमता भएको, योग्यता हुने, जान्ने, सिपालु, लायक |
| कलङ्क | : | दोष, कसुर, अपजस |
| प्रतीक्षा | : | कुनै कुराको आशामा रहेको पर्खाइ, बाटो हेराइ |
| अविस्मरणीय | : | बिर्सन नमिल्ने |
| कार्यभार | : | कामको भार, कामको जिम्मेवारी |
| आदर्श | : | विचार, सिद्धान्त, व्यवहार, आनीबानी, स्वाभाव वा रूपरङ्ग आदिको अनुकरणीय पक्ष |

६. **लक्ष्मणको चरित्र तपाईंलाई कस्तो लाग्यो ? पाठका आधारमा भन्नुहोस् ।**

उत्तर : अयोध्याका राजा दशरथकी कान्छी पत्नी सुमित्राका पुत्र तथा रामका भाइ लक्ष्मणको चरित्र मलाई निकै आकर्षक र अनुकरणीय लाग्यो । उनी यस कथामा आफ्नो अलग्गै पहिचानका साथ देखा परेका छन् । आफ्ना परम पूज्य दाजु रामचन्द्र र भाउजूको अहोरात्र सेवामा खटिने प्रण गरेका लक्ष्मणले आफ्नो वचन पुरा गरेका छन् । लङ्का विजय पश्चात् दाजु भाउजू विनाभय र विनाशङ्का आनन्दसँग निद्रामा परे पनि उनी

pushpas.com.np

नसुती सुरक्षामा खटिरहन्छन् । उनी निःस्वार्थी र विवेकशील भाइका रूपमा देखा पर्छन् । विवेकशील भएकै करण रावणसँगको युद्धमा लड्दा रावणकै सहोदर भाइ भए पनि सत्य र न्यायका पक्षमा लागेर हरतरहले सहयोग गर्ने विभीषणलाई लङ्का विजय पश्चात् त्यहाँको राजा बन्ने प्रस्ताव गर्दछन् । यदि उनी विवेकशील नभएका भए विभीषणलाई पक्कै पनि लङ्काको राजा बन्ने प्रस्ताव गर्ने थिएनन् । उनमा कर्तव्य बाहेक कुनै स्वार्थ थिएन । विभीषणले राजा बन्न नमानेपछि विजेताका नाताले रामचन्द्रलाई लङ्काको राजा बन्न आग्रह गर्छन् । यदि उनी साँच्चिकै स्वार्थी र विवेकशील नहुँदा हुन् त दाजुलाई लङ्काका राजा बन्न आग्रह गर्ने थिएनन् । उनी स्वर्णमय लङ्का देखेर अवश्य लोभिएका छन् । तर उनको भित्री आशय राजगद्दीमा बस्ने लालसा र आफू मालिक बन्ने पटक्कै थिएन । उनको चरित्रमा देखिने भलादमीपन, नम्रता अनुशासन, स्वार्थरहित भावना र विवेकशीलता जस्ता कुरा साँच्चिकै अनुकरणीय छन् । त्यसैले उनको चरित्र मलाई आदर्शै आदर्शले भरिपूर्ण र अनुकरणीय लाग्यो ।

७. **तपाईंले सुनेको कुनै पौराणिक कथा छोटकरीमा सुनाउनुहोस् ।**

उत्तरः

**दुष्यन्त र शकुन्तलाको भेट**

दुष्यन्त राजालाई एकपटक सिकार खेल्न मन लाग्यो । उनले मन्त्रीलाई बोलाएर सिकार खेल्न जाने प्रबन्ध मिलाउन अह्राए । मन्त्रीले सिकार खेल्न जाने प्रबन्ध मिलाएपछि राजा दुष्यन्तको यात्रा सुरु भयो । उनीले निकै लामो यात्रा पार गरेर कण्व ऋषिको आश्रममा पुगे । चारैतिर जङ्गलै जङ्गल अनि नजिकै कलकल गरी बगिरहेको नदी र चराचुरुङ्गी तथा मृगशावकहरूको आवागमन निर्बाध रूपमा देख्न पाउँदा राजा हर्ष विभोर भए । उनी कण्वको आश्रममा बास बसे । त्यस क्रममा उनलाई कण्व ऋषिले पालेकी शकुन्तलाले खुबै सत्कार गरिन् । दुष्यन्त उनको रूपरङ्का साथै विनयशीलता देखेर मोहित भए । उनले भने “ए रूपवती, तिमी यहाँ के गरेर बस्छ्यौ ? यस्तो जङ्गलमा बस्दा तिमीलाई डर लाग्दैन ?” राजाको यस्तो प्रश्न सुनेर शकुन्तला सुरुमा त अक्कनबक्क भइन् । उनले मनमनै सोचिन् “होइन, यिनले मेरा बारेमा किन यति धेरै चासो राखेका होलान् । आफू राजा हुँ भन्छन्, दरबारमा बस्ने मानिसको चाला के हो ? मैले बुझ्नै सकिनँ ।” शकुन्तला घोत्लिएको देखेर राजाले सोधे, “ए रूपवती के सोचिरहेकी छ्यौ ? मेरो जवाफ त दिइनौ त ।” शकुन्तला निद्राबाट बिउँझे झैं गरी एकछिन चुप लागिन् । गम्भीर भएर भनिन्, “म पिता कण्वको आज्ञामुताबिक फुलको रेखदेख गर्ने, खाना बनाउने तथा पक्षी र मृगका शावकहरूको हेरचाह गर्छु । मलाई कसैको डर लाग्दैन ।”

शकुन्तलाका कुरा सुनेर राजा छक्क परे । यस्तो जङ्गलका बिचमा यस्ती रूपवतीको बिहे त पक्कै भएको छैन होला भन्ने लागी राजाले सोधे, “ए रूपवती तिम्रो नाम के हो ? तिम्रा दाजुभाइ कति छन् ?” शकुन्तला राजाको प्रश्न सुनेर केही अकमकिइन् । उनले जवाफ दिनै पर्‍यो भनी मन दरो बनाउँदै भनिन्, “मेरो नाम शकुन्तला हो । म कण्व ऋषिकी एक्ली छोरी हुँ । मेरा कुनै दाजुभाइ वा दिदीबहिनी छैनन् । मेरो सर्वस्व भन्नु नै मेरा पिता कण्व हुनुहुन्छ ।”

राजाले शकुन्तलाको वास्तविक कुरा जति बुझ्दै गए उति नै उनी मोहित र आकर्षित हुँदै गए । उनले सिकार खेल्ने कुरै बिर्से । उनका सहयोगीहरू पनि जङ्गल घुमफिरमै रमाइरहेका थिए । राजाले मनमनै सोचे, “यी रूपवतीलाई दरबारमा भित्र्याउन पाए राम्रै होला । एकपटक बिहेको कुरो गर्नुपर्ला ।” राजाले यति सोचेपछि एक्कासि शकुन्तलालाई सोधे, “तिम्रा पिता कहाँ जानुभएको छ अनि तिम्रो बिहे भएको छ कि छैन ? राजाको कुराले शकुन्तला मुख छोपेर केही बेर चुपचाप उभिरहिन् । उनलाई के भनूँ के भनूँ भन्ने भयो । मुटु दरो पारेर भनिन्, “पिताजी खै कहाँ

puspas.com.np

जानुभएको हो । थाहा छैन मेरो बिहे ....... ।" राजाले तुरुन्तै भने, "ए मैले बुझेँ, तिम्रा पिताजी कतै तिम्रो लागि वर खोज्न जानुभएको त होइन ?" पृथ्वी नै घुमेजस्तो लाग्यो शकुन्तलालाई उनले केही भनिनन् । राजाले कुरो थाहा पाइहाले । शकुन्तलालाई पिताजीले खोजेको केटो भन्दा त यिनै राजासँग बिहे गर्न पाए हुन्थ्यो भन्ने लाग्यो । राजाले शकुन्तलाको आशय बुझेर भने, "हिँड, एकछिन जङ्गल घुम्न जाऔँ ।" नभन्दै शकुन्तला पनि जङ्गल घुम्न जान तयार भइन् ।

## पठाइ

**८. पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् ।**

**उत्तर:** पाठका अनुच्छेदहरू शिक्षकको उपस्थितिमा विद्यार्थीले पालैपालोसित पढ्ने ।

**९. पाठको चौथो अनुच्छेद पढी तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

**(क) लक्ष्मणका मनमा के-के कुरा ताजा भएर आए ?**

**उत्तर:** लक्ष्मणका मनमा बाल्यकालदेखिका एक-एक कुरा ताजा भएर आए ।

**(ख) लक्ष्मणका दाजु र भाइहरूको नाम के-के थियो ?**

**उत्तर:** लक्ष्मणका दाजुको नाम रामचन्द्र र भाइहरूको नाम भरत, शत्रुघ्न थियो ।

**(ग) राम र सीताको बिहे कसरी भएको थियो ?**

**उत्तर:** जनक राजाको दरबारमा रहेको शिवधनु सजिलै उचालेर राम र सीताको बिहे भएको थियो ।

**(घ) लक्ष्मण केमा हराइरहेका थिए ?**

उत्तर : लक्ष्मण आफ्नै विगतका स्मृतिमा हराइरहेका थिए ।

**(ङ) लक्ष्मणसँगै को उठे ?**

उत्तर : लक्ष्मणसँगै विभीषण उठे ।

**१०. पाठको दसौँ अनुच्छेद पढी मुख्य-मुख्य चारओटा बुँदाहरू टिप्नुहोस् ।**

**उत्तर:**
(क) लक्ष्मणले केही भन्न खोज्दै गर्दा विभीषणले यस राज्यको शासन गर्न योग्य नभएको बताएका,
(ख) विभीषणलाई आफू राजा हुन नचाहेको र पराइ गुहारेर आफन्त मारेका कलङ्क बोक्न नचाहेका,
(ग) लङ्काको राजा हुने हक तपाईंकै हो भनी विभीषणले बताएका,
(घ) आफू सहयोग गर्न तयार रहेको कुरा जनाएका ।

**११. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

*देउडा नेपालको पश्चिमी पहाडी क्षेत्रको अति लोकप्रिय नृत्यगीत हो । त्यहाँ देउडाका नृत्य र गीत र दुवै प्रचलित छन् । नृत्यलाई देउडा खेल वा न्याउले खेल पनि भनिन्छ । यस नृत्यमा सहभागी हुनेहरू कुममा कुम जोडेर हात जोल्ट्याई सामूहिक तालमा खुट्टा अघिपछि गरेर मन्द तालमा नृत्य गर्छन् । यस नृत्यका साथ कुनै बाजा बजाइँदैन । नृत्यमा पुरुष र महिला तथा बालबालिकाहरू बेग्ला बेग्लै नृत्य गर्न सक्छन् वा एकै ठाउँमा मिसिन पनि सक्छन् । एउटा ठुलो आँगनमा जम्मा भएर देउडा खेल्नेहरू मुखामुख गरी दुई समूहमा विभाजित हुन्छन् र कुनै गीत सामूहिक रूपमा दोहोऱ्याउँछन् । अथवा गीतमा नै सबाल जबाफ गर्छन् । देउडामा ए भिनाजु ए साली, मेरी बौजु छमक्क छमक्क, लौ बिरी छम छम आदि थेगोको प्रयोग हुन्छ । नृत्यमा सहभागी हुनेहरूले खास किसिमको सिँगारपटार गर्नु पर्दैन । देउडा नृत्यका अवसरमा गरिने सबाल जवाफलाई फिट्टा गर्नु भनिन्छ । फिट्टा गर्दा गीतमा नै गाउँ खाने कथा भने जस्तै गौँडो थापिन्छ र गौँडो फुकाइन्छ । (चूडामणि बन्धु : नेपाली लोक साहित्य)*

puspas.com.np



**प्रश्नहरू**

**(क) देउडा कस्तो गीत हो ?**

उत्तर: डेउडा नेपालको पश्चिमी पहाडी क्षेत्रको अतिलोकप्रिय नृत्यगीत हो ।

**(ख) देउडा कहाँ प्रचलित छ ?**

उत्तर: डेउडा नेपालको पश्चिमी पहाडी क्षेत्रमा प्रचलित छ ।

**(ग) देउडा कसरी नाचिन्छ ?**

उत्तर: देउडा खेल वा नृत्यमा सहभागी हुनेहरूबाट कुममा कुम जोडेर हात जोल्ट्याई सामूहिक तालमा खुट्टा अघिपछि गरेर मन्द तालमा नाचिन्छ ।

**(घ) देउडा नृत्यमा को-को सहभागी हुन्छन् ?**

उत्तर: देउडा नृत्यमा पुरुष, महिला, बालबालिका सहभागी हुन्छन् ।

**(ङ) देउडामा कुन-कुन थेगोको प्रयोग हुन्छ ?**

उत्तर: देउडामा ए भिनाजु, ए साली, मेरी भाउजू बौजु छमक्क छमक्क, लौ बिरी छमछम आदि थेगोको प्रयोग हुनेछ ।

## लेखाइ

**१२. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
**स्मृति, आग्रह, योग्य, कलङ्क, कार्यभार**

उत्तर: **स्मृति** - ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को स्मृतिमा नेपालका धेरै ठाउँमा पार्कहरू बनाइएका छन् ।

**आग्रह** - लक्ष्मणले रामचन्द्रलाई सुनै सुनले बनेको लङ्काको राजा हुन आग्रह गरे ।

**योग्य** - रामचन्द्रसँग लक्ष्मणले आफू लङ्काको राजा हुन योग्य नभएको बताए ।

**कलङ्क** - लक्ष्मणले विभीषणलाई लङ्काको राजा बन्न आग्रह गर्दा उनले आफू दाजुभाइ र आफन्त मारेको कलङ्क बोक्न तयार नभएको बताए ।

**कार्यभार** - विभीषणले रामचन्द्रको अनुरोधमा लङ्काको राजा भई शासन गर्ने कार्यभार सम्हाले ।

**१३. पाठका एघारौँ र बारौँ अनुच्छेदको अनुलेखन गर्नुहोस् ।**

उत्तर: पाठका एघारौँ र बारौँ अनुच्छेद विद्यार्थीले शिक्षकले भनेको सुनेर शुद्धसँग अनुलेखन गर्ने ।

**१४. तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

**(क) लक्ष्मणका विचारमा रावणको दुर्दशा हुनुको कारण के हो ?**

उत्तर: रावण लङ्काको राजा र त्रेतायुगमा साधु तथा सज्जनलाई पीडा दिने एक खलपात्र थियो । उसले अनेकौँ अनैतिक कामहरू गरेको थियो । युगकै वीर पुरुष र वैज्ञानिक भए पनि संसारमा मभन्दा ठुलो कोही छैन भन्ने घमन्ड उसमा थियो । उसमा लोभ तथा लालच बढ्दै गएको थियो । उसमा कुबुद्धि पलाएकाले सीताजीको अपहरण गऱ्यो । अर्काको श्रीसम्पत्ति हडप्न समेत ऊ उद्यत देखियो । लक्ष्मणका विचारमा रावणका यिनै गलत क्रियाकलापहरू नै उसको दुर्दशा हुनु कारण हो ।

**(ख) विभीषणका विचारमा रामले किन अयोध्या नगई लङ्कामै राज गर्नु उपयुक्त थियो ?**

उत्तर: रावणका भाइ विभीषण सत्य र न्यायका पक्षपाती थिए । युद्धमा आफ्ना दाजुहरू, भतिजाहरू र थुप्रै आफन्तहरू मारिएका कारण उनी चिन्ताग्रस्त थिए । रामका पक्षमा लागेर यद्ध लडेका विभीषणलाई, लक्ष्मणले लङ्काका राजा बन्न प्रस्ताव गर्दा उनले रामले नै राजा बन्न उपयुक्त हुने तर्क अघि सारे । उनका विचारमा लडाइँमा जितेको भूभाग स्वतः विजेताको हुने

puspas.com.np

भएकाले लङ्काको अधिपति हुने हक पनि रामकै हुन्छ । अयोध्यामा भरतले राज्य गरिरहेकाले आफूले जितेको राज्यको राजा हुनु रामचन्द्रका लागि स्वाभाविक हुन्छ । विजेताहरूका हिसाबले र न्याय तथा परिस्थितिका हिसाबले पनि रामले अयोध्या नगई लङ्कामै राज गर्नु उपयुक्त थियो ।

(ग) **लङ्का सहर कस्तो थियो ?**

**उत्तर:** लङ्का सहर समुद्रको किनारमा थियो । लङ्का जस्तो सुन्दर, समृद्ध र शान्त राज्य त्यसबेला कहीं थिएन । लङ्का सहर सुनैसुनले बनेको थियो । घरहरू सूर्यको किरण पर्दा टलक्क टल्कन्थे । लङ्का सहर साँच्चिकै सुन्दर र अनुपम थियो । रावण स्वयम् वैज्ञानिक र मिहिनेती समेत भएकाले त्यस सहरलाई सुन्दर र समृद्ध बनाएको थियो ।

(घ) **के कारणले रावणको हार भएको हो ?**

**उत्तर:** रावण अत्यन्त घमन्डी थियो । उसले सत्य र न्यायका पक्षपाती विभीषणको सल्लाहलाई कत्ति पनि वास्ता गरेन । सीताको हरण गर्ने जस्ता जघन्य अपराध उसले गऱ्यो । युगकै वीर र वैज्ञानिक भएर पनि घमन्डी, लोभी, लालची र सीताको अपहरण जस्तो अत्यन्त घृणित कार्यको फलस्वरूप उसको सारा वैभव, शक्ति र जीवनसमेत समाप्त भयो । वास्तवमा रावणको कुबुद्धि र तदनुरूपको क्रियाकलापकै कारण रावणको युद्धमा हार भएको हो । त्यसै गरी अर्काको सम्पत्ति हडप्नु र आफ्नै भाइ विभीषणको साथ नपाउनु पनि रावणको हारको कारण हो ।

(ङ) **रामराज्यको अर्थ के हो ?**

**उत्तर:** रामराज्यको अर्थ असल राज्यव्यवस्था हो । लङ्का विजय पश्चात् राम, लक्ष्मण र सीता अयोध्या फर्केर राम अयोध्याको राजा भएपछि उनले सदैव जनताको निर्णयलाई आत्सात् गरे । उनले शासन गर्दा असल र आदर्श शासनको परिचय दिए । उनको शासन व्यवस्था अरूका लागि अनुकरणीय बन्यो । अर्थात् जनताको भावनाअनुसार शासन गर्दै जनतालाई सुख, शान्ति र समृद्धिको बाटोमा डोऱ्याउने काम रामले आफ्नो शासन कालमा गरे । उनको शासन काल जनताले चाहेको जस्तै थियो । त्यसैले रामराज्यको अर्थ रामले शासन गरेको जस्तो असल राज्यव्यवस्था हो ।

१५. **सुन्दर र सम्पन्न लङ्काको राजकाज छाडेर किन राम अयोध्या फर्किए ? कथाका आधारमा विवेचना गर्नुहोस् ।**

**उत्तर:** लङ्काको सफल विजय पश्चात् रामलाई आयोध्याको राजा बनाउन उनका भाइ लक्ष्मण र विभीषणले निकै प्रयत्न गरे । विभीषणले त विजेताले नै शासन गर्नु स्वाभाविक मानिने र प्राकृतिक नियम पनि हो भनी बलिया तर्क अघि सारे । अर्कातिर लक्ष्मणले सुनैसुनले बनेको लङ्काको राजकाज समाल्न आफ्ना दाजु रामलाई विनम्र अनुरोध गरे । उनले स्वर्ग समान लङ्काको राजा हुनुपर्छ भनी रामलाई निकै नै सम्झाए परन्तु राम एक देशभक्त र मातृभक्त व्यक्ति भएकाले उनले लङ्काको राजा हुन अस्वीकार गरे ।

रामका विचारमा सुखैसुखको नाम स्वर्ग हो र त्यसको स्वर्गीय आनन्द सुन्दर, समृद्ध लङ्का राज्यमा पाउन सकिने पर्याप्त सम्भावना रहे पनि संसारमा त्यस्तो स्वर्गभन्दा पनि उत्तम ठाउँ भनेको जन्मभूमि हो । जननी र जन्मभूमि स्वर्गभन्दा महान् हुन् । त्यसैले जन्मभूमिलाई चटक्कै भुल्नु र लत्याउनु राम्रो होइन । सुख सुविधाका पछि लागेर जन्मभूमिलाई लात हान्नेहरू असल मान्छे हुन सक्दैनन् । त्यसैले लङ्कामा जतिसुकै वैभव भए पनि र आफूले जितेर पाएको भए पनि मेरा लागि अयोध्याभन्दा प्यारो हुन सक्दैन भन्दै भाइ लक्ष्मणसँग देशभक्ति र मातृभक्तिप्रतिको असीम श्रद्धा रामले प्रकट गरे ।

puspas.com.np



राम एक देशभक्त व्यक्ति भएकाले उनलाई लङ्काको वैभव, सुख तथा ऐश्वर्यले कत्ति पनि आकर्षण गर्न सकेन । उनमा आफ्नो जन्मभूमिप्रति असीम आस्था र श्रद्धा थियो । दुःखै भए पनि आफ्नै जन्मभूमि प्यारो हुने र त्यहीँ स्वर्गीय आनन्द प्राप्त गर्न सकिने कुरामा उनलाई पूर्ण विश्वास थियो । त्यहीँ कारणले सुन्दर र सम्पन्न लङ्काको राजकाज छोडेर राम अयोध्या फर्किए ।

१६. **सप्रसङ्ग व्याख्या गर्नहोस् :**

(क) **यो युद्ध तिमीले जित्यौ किनकि तिम्रा भाइ लक्ष्मण तिम्रो पक्षमा थिए ।**

**उत्तर:** माथि दिइएको विशिष्ट एवम् भावपूर्ण गद्यांश कक्षा दसको **नेपाली** किताबको 'जन्मभूमि' शीर्षकको पौराणिक कथाबाट साभार गरिएको हो । अयोध्याका आदर्श राजा रामले रावणलाई युद्धमा परास्त गरी विजय प्राप्त गरेपछि उनका भाइ लक्ष्मण ज्यादै खुसी भएका थिए । अपहरणमा परेकी भाउजू सीता मुक्त हुनु र लङ्कामाथिको विजय नै लक्ष्मणका लागि खुसीका विषय बनेका थिए । त्यस युगकै सर्वाधिक वीर भनेर चिनिएका इन्द्रजितलाई समेत उनले युद्धमा पराजित गरेका थिए । यी सबै कुराले खुसी मान्दै गरेका लक्ष्मणलाई रावणले मर्ने बेलामा आफ्नो बहादुरीको प्रशंसा गरेको सम्झेर उनी झनै खुसी भएको सन्दर्भ उल्लेख गर्ने क्रममा उक्त अंश प्रस्तुत गरिएको हो ।

रावण युगकै वीर र विद्वान् पनि थियो । घमन्ड, लोभ, लालच र अनैतिक क्रियाकलापका कारण उसले दुर्दशा बेहोर्नु पर्‍यो । राम र लक्ष्मणमा भएको अद्भुत शक्ति र सामर्थ्य पहिचाहन गर्न सक्ने खुबी उसमा थियो । राम र रावणको युद्धमा रामले मात्रै जित्ने सम्भावना कम थियो । त्यस युद्धमा रावणका पक्षमा युगकै सर्वाधिक वीर पुरुष मानिएका इन्द्रजित थिए । उनको बल र सामर्थ्य अद्वितीय थियो । त्यस्ता पुरुषलाई लक्ष्मणले पराजित गरेका थिए । यसको मूल्याङ्कन रावणले गरेको थियो । सारा लोकले राम र रावणको युद्धमा रामले जितेको कुरा सहजै गर्छन् तर उनका साथमा इन्द्रजित जस्ता शक्तिशाली व्यक्तिलाई पराजित गर्ने लक्ष्मण नभएका भए युद्ध जित्न रामलाई सजिलो थिएन ।

यसरी रावणले लक्ष्मणमा भएको विशिष्ट र अद्वितीय सामर्थ्यको यहाँ प्रशंसा गरेको पाइन्छ । यहाँ बहादुरीको प्रशंसा र त्यसको सही मूल्याङ्कनलाई आकर्षक भाषाशैलीमा प्रस्तुत गरिएको छ । अप्रत्यक्ष रूपमा रामभन्दा लक्ष्मणलाई शक्तिशाली पात्रका रूपमा चित्रण गरिएको छ । यही आशय बुझेर लक्ष्मण अत्यन्त हर्षित भएको भावलाई उक्त अंशमा प्रस्तुत गरिएको पाइन्छ ।

(ख) **मेरो विचारमा जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान् छन् ।**

**उत्तर:** माथि दिइएको अत्यन्त सारगर्भित भनाइ कक्षा दसको **नेपाली** पुस्तक अन्तर्गत 'जन्मभूमि' शीर्षकको पौराणिक विषयवस्तुमा आधारित कथाबाट उद्धरण गरिएको हो । रामका भाइ लक्ष्मण सुनैसुनले बनेको सुन्दर लङ्का सहर देखेर ज्यादै लोभिए । उनले दाजु रामलाई यस्तो वैभवले भरिपूर्ण लङ्काको राजा भई स्वर्गीय आनन्द लिन अनुरोध गरे । भाइको यही अनुरोधलाई जवाफ दिने क्रममा रामले उक्त अंश भनेका हुन् ।

शास्त्रमा वर्णन गरिएअनुसार स्वर्गमा सुखैसुख छ । मरेपछि मानिसहरू स्वर्ग जाने चाहना गर्छन् । राम संसारमा त्यस्तो स्वर्गभन्दा पनि उत्तम ठाउँ भनेको जन्मभूमि हो भन्ने विचार अघि सार्दछन् । अर्थात् उनलाई स्वर्गीय आनन्द पाउने लङ्काको राजा हुनुभन्दा आफ्नै जन्मभूमि उनलाई उत्तम लाग्छ । उनले आफूलाई जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि महान्

puspas.com.np

हुन्छन् भनी बताएका छन् । निश्चय नै जन्म दिने आमा सबैका लागि आदरणीय र प्यारी हुन्छिन् । आमाप्रति कुनै पनि सन्तानले घृणा गर्न सक्दैन । त्यस्तै आफ्नो जन्मभूमि पनि सबैका लागि महान् र प्यारो हुने गर्छ । जुन धर्तीमा मानिस जन्म्यो, हुर्क्यो, ताते गर्दै तोते बोली बोल्न सिक्यो, त्यसले आफ्नो जन्मभूमि कहिल्यै बिर्सन सक्दैन । विदेशमा गएर जतिसुकै वैभवपूर्ण जीवन बिताउन पाए पनि आफ्नो जन्मभूमिको मायाले मानिसलाई सताइरहन्छ । त्यसैले जन्म दिने आमा र जन्मभूमि हरेक मानिसका लागि प्यारो र महान् हुन्छन् ।

यहाँ रामले जननी र जन्मभूमिको महिमा प्रस्तुत गरेका छन् । जननी र जन्मभूमि हरेक मानिसका लागि श्रद्धा र सम्मान गर्नैपर्ने महान् वस्तु हुन् यिनलाई एउटा असल सन्तानले सधैँ सम्मान गर्छ । यिनको सम्मान गर्न नसक्ने व्यक्ति असल हुनै सक्दैन । अतः उक्त अंशमा जननी र जन्मभूमिप्रति प्रेम र श्रद्धा भावलाई रामका माध्यमबाट सशक्त रूपमा प्रस्तुत गरेको पाइन्छ ।

**१७. तलको तालिकामा ह्रस्व लेखिने शब्दका केही उदाहरण दिइएको छ, हरेकमा थप १० ओटा शब्द लेख्नुहोस् :**

| ह्रस्व लेखिने अवस्था | थप शब्द |
|---|---|
| (क) अन्त्यमा आउने 'अरी' (जस्तै :यसरी, उसरी) बाहेकका सबै अव्यय शब्दहरू : मुनि, भित्र,पर्सि, बाहिर... | |
| (ख) पुरुष नाताबोधक शब्दहरू : भिनाजु, दाजु... | |
| (ग) आलु प्रत्यय लागेका शब्दहरू : दुधालु, सिपालु.. | |
| (घ) आइँ, आइ, आउ, एलु प्रत्यय लागेर बनेका शब्दहरू : रजाइँ, सुनाइ, डुलाउ, घरेलु... | |

**उत्तर:**

| ह्रस्व लेखिने अवस्था | थप शब्द |
|---|---|
| (क) अन्त्यमा आउने 'अरी' (जस्तै :यसरी, उसरी) बाहेकका सबै अव्यय शब्दहरू : मुनि, भित्र,पर्सि, बाहिर... | अघि, अगाडि, घिउ, पुलिस, अफिस, यति, उति, कवि, वारि, पारि |
| (ख) पुरुष नाताबोधक शब्दहरू : भिनाजु, दाजु... | पोइ, फुपाजु, गोरु, गुरु, बाबु, बराजु, कुकुर, कुरौटे, डुलुवा, लुरे |
| (ग) आलु प्रत्यय लागेका शब्दहरू : दुधालु, सिपालु.. | बैंसालु, खर्चालु, झगडालु, मैतालु, लजालु, नसालु, बिखालु; इखालु, मायालु, दयालु |
| (घ) आइँ, आइ, आउ, एलु प्रत्यय लागेर बनेका शब्दहरू : रजाइँ, सुनाइ, डुलाइ, घरेलु... | कजाइँ, बसाइँ, पण्डित्याइँ, कमाइ, लमाइ, हिँडाइ बचाउ, टिकाउ, घेराउ, वनेलु |

puspas.com.np



## व्याकरण

१. उदाहरणमा दिए जस्तै गरी तलका शब्दबाट धातु छुट्याउनुहोस् :

| शब्द | धातु |
|---|---|
| गर्नु, बस्छ, हिँड्यो, लेख्नु, पढ्छिन्, | गर्, बस्, हिँड् लेख्, पढ् |
| मोटाउनु, थुप्रिनु, छोटिन्छ | मोटाउ, थुप्रि, छोटि |
| गराउनु, लेखाउन, पढाउँछ | गराउ, लेखाउ, पढाउ |

हुनु, बटार्नु, झार्छ, स्विकार्छ, दियो, बङ्ग्याउँछ, बाङ्गिनु, झर्छ, झस्काउँछ, लगाउनु, लाग्नु, सुनाउँछ, सिकाउँछ, खुवाउनु, पठाउँछ, बसाउँछ

उत्तर: हुनु - हु, बटार्नु - बटार्, झार्छ - झार्, स्विकार्छ - स्विकार्, दियो - दि, बङ्ग्याउँछ - बङ्ग्याउ, बाङ्गिनु - बाङ्गि, झर्छ - झर्, झस्काउँछ - झस्काउ, लगाउनु - लगाउ, लाग्नु - लाग्, सुनाउँछ - सुनाउ, सिकाउँछ - सिकाउ, खुवाउनु - खुवाउ, पठाउनु - पठाउ, बसाउँछ - बसाउ

२ उदाहरणमा दिए जस्तै गरी तल दिइएका शब्दबाट धातुका प्रकार छुट्याउनुहोस् :

| शब्द | धातु | प्रकार |
|---|---|---|
| सुन्छन्, सुत्नु हेर्नु, देखिन् | सुन्, सुत्, हेर्, देख् | सामान्य धातु |
| कुम्ल्याउनु, चिसिन्छ, भित्रियो | कुम्ल्याउ (कुम्लो + याउ) चिसि (चिसो + इ) भित्रि (भित्र + इ) | नाम धातु (नाम, विशेषण र अव्यय शब्दबाट बनेका धातु) |
| सिकाउँछ, देखाउनु, बसायो | सिकाउ, देखाउ, बसाउ | प्रेरणार्थक धातु |

रहनु, मुन्टिनु, पहेँलिनु, बर्बराउनु, पछ्याउनु, सुनाउनु, कस्नु, कसाउनु, बाट्नु, धिक्कार्छ, लियो, हकार्नु, गर्नु, तोड्छ, हिँडाउनु, गराउनु

उत्तर:

| शब्द | धातु | प्रकार |
|---|---|---|
| रहनु, कस्नु, बाट्नु, धिक्कार्छ, लियो, हकार्नु, गर्नु, तोड्छ | रह, कस्, बाट्, धिक्कार्, लि, हकार्, गर्, तोड् | सामान्य धातु |
| मुन्टिनु, पहेँलिनु, बर्बराउनु, पछ्याउनु | मुन्टि (मुन्टि + इनु), पहेँलो (पहेँलो + इनु), बरबर (बरबर + आउ + नु), पछि (पछि + याउ + नु) | नाम धातु (नाम, विशेषण र अव्यय शब्दबाट बनेका धातु) |
| सुनाउनु, कसाउनु, हिँडाउँछ, गराउन | सुनाउ, कसाउ, हिँडाउ, गराउ | प्रेरणार्थक धातु |

३. रेखाङ्कित क्रियापदबाट धातु छुट्याएर तिनका प्रकार लेख्नुहोस् :

*नेपाल भूकम्पीय जोखिमको क्षेत्रमा पर्छ । त्यसैले यहाँ बेला बेलामा ठुला-ठुला भूकम्प गएका छन् । पछिल्लो पटक २०७२ वैशाख १२ गते ७.६ रेक्टर स्केलको भूकम्प आयो । लाखौँ घर ढलेर गाउँ नै रित्तियो । हजारौँ मानिस मारिए । विमान स्थलमा, प्लेन र सेनाहरू बाक्लिए । राहत बोकेका गाडीहरू गाउँ गाउँ पसे । देश विदेशबाट राहत पठाइयो । पूर्व तयारी र सचेतता नभएकाले ठुलो क्षेति भयो । के गर्ने ? जस्तो सुकै सङ्कट आए पनि भोग्नु नै पर्छ ।*

puspas.com.np

उत्तर:

| शब्द | धातु | प्रकार |
|---|---|---|
| पर्छ | पर् | सामान्य धातु |
| गएका | जा | सामान्य धातु |
| आयो | आउ | सामान्य धातु |
| रित्तियो | रित्ति | नामधातु |
| मारिए | मार् | सामान्य धातु |
| बाक्लिए | बाक्लो + इ = बाक्लि | नाम धातु |
| पसे | पस् | सामान्य धातु |
| पठाइयो | पठाउ | प्रेरणार्थक धातु |
| आए | आउ | सामान्य धातु |
| पर्छ | पर् | सामान्य धातु |

४. **तलको अनुच्छेदमा प्रयोग भएका निपात शब्दहरू पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

*आ, चिसोले समाए पनि समाओस् भन्दै आज चाहिँ चाँडै उठियो । नत्र जाडो याममा बिहान छ नबजी उठे पो ? हुन पनि काठमाडौँको चिसो, थला पार्छ क्यारे । उठेर नित्यकर्म गरियो अनि सामान्य कसरत नि गर्नै पऱ्यो । त्यही बेला चाहिने क्यारे, तपाईंलाई हालचाल के छ कुन्नि भन्दै पल्लाघरे बडाबुबा आउनुभयो । उहाँसँग नानाथरी कुरा भए । जति नै चाँडो उठे पनि आजको बिहानी त्यतिकै गयो ।*

उत्तर:
आ = आ, म त आज कतै पनि जान्नँ ।
चाहिँ = भन्न चाहिँ तिनले साँचो कुरा भनेका छन् ।
पो = लोक सेवाको परीक्षामा दिनेश पो उत्तीर्ण भएछ त !
पनि = कार्यालयमा ग्याल्जेन पनि सधैँ कचकच गर्छ ।
क्यारे = दुष्ट मानिसको कहिल्यै भर हुँदैन क्यारे ।
नि = तिमीले नि मैले भनेको सधैँ मान्नू है ।
क्यारे = मैले भनेको त्यसले मानेन क्यारे ।
कुन्नि = कस्तो मानिस रहेछ कुन्नि एकछिन पर्खन पनि सकेन ।
नै = भोलिको सरस्वतीपूजामा तिमी नै आउनू है ।
पनि = म पनि त त्यसै काममा लागिपरेको थिएँ नि ।

५. *तलको अनुच्छेदमा रहेका विस्मयादिबोधक शब्दहरूलाई रेखाङ्कन गर्नुहोस् :*

*"आहा ! क्या गजब ! राम्रो बनाउनुभएछ, करेसाबारी ।" भन्दै रमेशजी एकाबिहानै आइपुगे । ढोकामा आउनासाथ कुकुर भुक्यो । "धत् ! उता जा" भन्दै मूलद्वारमै उनी उभिरहे । मैले कुकुर धपाएर उनलाई भित्र बोलाएँ । कोठाभित्र आमालाई देख्नासाथ उनले "ओहो ! आमा नमस्कार" भन्दै हात जोडे । आमाले हाल खबर सोध्नुभयो । रमेशले "अरू त ठिकै छ आमा, साहिँला भाइको भने मोटर साइकल दुर्घटनामा परेर खुट्टो मर्किएको छ" भने । "कठै ! कहिले नि ?" आमाले सोध्नुभयो ।*

उत्तर: आहा क्या धत् ओहो कठै

६. **तलका निपात प्रयोग गरी कुनै घटनाको चर्चा गर्नुहोस् ।**
**पो, त, पनि, रे, र, कि, ल, लौ, क्यारे**

उत्तर: अमेरिकाको भर्जिनियामा भएको कार दुर्घनामा मेरै साथीका बुबाआमा पो पर्नुभएछ त ! मलाई त खबर सुन्दा विश्वास नै लागेन । म पनि कस्तो हुस्सु मान्छे । कार दुर्घटना भयो रे भन्ने बित्तिकै म सक्रिय हुनुपर्ने होइन र ? दुर्घटनाको खबर पुष्टि भएको छैन कि भनेर म त अलमल्ल परेको देख्दा साथीहरू पनि छक्कै परे । ल अब भएन लौ साथीहरू । हामीले के कसरी सहयोग गर्न सकिन्छ । सबैतिरका सूचना लिनुपर्छ भनेपछि मात्रै सबैमा रहेको भ्रम हट्यो । त्यसपछि सक्रिय भएर लागेपछि सत्यतथ्य सूचनाहरू सबैले थाहा पाए क्यारे ।

pustakas.com.np

७. **तलका विस्मयादिबोधक शब्दहरूको प्रयोग गरी एक-एकओटा वाक्य बनाउनुहोस् :**
**आत्था, स्याबास्, ओहो, राम राम, क्याबात्, आम्मै, ज्या, कठै, धिक्कार**

**उत्तर:** आत्था - आत्था ! मलाई काँडो बिझ्यो ।
स्याबास् - स्याबास् ! तिमीले भनेको जस्तै काम गर्‍यौ ।
ओहो - ओहो ! पोखराको फेवाताल त साँच्चै सुन्दर रहेछ ।
राम राम - राम राम ! आज त कस्तो दुःखद समाचार सुन्नुपर्‍यो ।
क्याबात् - क्याबात् ! तिमीले राम्रो चित्र बनायौ ।
आम्मै - आम्मै ! सुशीला हलक्कै बढिछ ।
ज्या - ज्या ! मैले त सबै कुरा भुसुक्कै बिर्सेछु ।
कठै - कठै ! त्यस केटीले जीवनमा दुःख पाउनसम्म पाई ।
धिक्कार - अनैतिक काम गर्ने छोरालाई बाबुले धिक्कार ! छ भनी गाली गरे ।

## सिर्जनात्मक अभ्यास | पेज ९

**तलका बुँदाहरू समेटेर छोटो कथा लेख्नुहोस् :**
**भारद्वाज ऋषिका छोरा यवक्रितलाई नपढी विद्या आर्जन गर्ने विचार आउनु ..... नदी किनारमा गए तपस्या गर्न थाल्नु ...... तपस्याको कारण बुझ्न इन्द्र देवता आउनु.......... इन्द्रले उनको कुरा सुन्नु ..... इन्द्रले तपस्याबाट विद्या हुँदैन, पढेर विद्या आर्जन गर्नुपर्छ भन्ने सल्लाह दिनु ...... इन्द्रको सल्लाह यवक्रितले नमान्नु ......... तपस्यालाई निरन्तरता दिनु ...... ब्राह्मणको भेष लिएर इन्द्र फेरि यवक्रितले तपस्या गरेको नदी किनारमा आउनु ..... ब्राह्मण भेषधारी इन्द्रले किनारको बालुवा खन्दै नदीमा बगाउँदै गर्नु ........ यवक्रित ब्राह्मणको छेउमा जानु .....बालुवा नदीमा बगाउनुको कारण सोध्नु ........ नदीमा पुल बनाउनलाई त्यसो गरेको भन्ने जवाफ पाउनु ....... त्यसरी पुल बन्दैन भनेर यवक्रितले भन्नु .... तपाईंले तपस्याबाट विद्या आर्जन गर्न सक्नुहुन्छ भने यसरी चाहिँ किन पुल बन्न सक्दैन भनेर जवाफ पाउनु ......यवक्रितका आँखा खुल्नु ...... यवक्रित पढ्न थाल्नु ..... छिटै विद्वान् बन्नु ।**

**उत्तर:**

### यवक्रित र उनको बुद्धि

भारद्वाज ऋषिका छोराको नाम यवक्रित थियो । उनी पढ्दै नपढी विद्या आर्जन गर्न चाहन्थे । उनले तपस्या गरेपछि स्वतः विद्या प्राप्त हुने विचार गरेर नदी किनारमा गई तपस्या गर्न थाले । उनको तपस्या गर्नुको कारण बुझ्न स्वर्गका राजा इन्द्र आए । इन्द्रले यवक्रितलाई सोधे, "तपस्वी, तिमीले तपस्या गर्नुको कारण के हो ?" इन्द्रको कुरा सुनेर यवक्रितले भने, "म नपढी विद्या आर्जन गर्न चाहन्छु । त्यसैका लागि मैले तपस्या गरेको हुँ ।" यवक्रितले तपस्या गर्नुको रहस्य थाहा पाएपछि इन्द्रले भने, "हेर तपस्वी, तपस्या गरेर विद्या प्राप्त हुँदैन । विद्या त पढेर मात्र आर्जन हुन्छ बुझ्यौ ? तिमी तपस्या छाडेर पढ्नतिर लाग ।" यवक्रितले इन्द्रको सल्लाह पत्याउँदै पत्याएनन् । उनी तपस्यामै निरन्तर लागिरहे । इन्द्र अर्को पटक ब्राह्मणको भेष धारण गरी आए । ब्राह्मण भेषधारी इन्द्रले किनारको बालुवा खन्दै नदीमा बगाउने

puspas.com.np

काम गरे । ब्राह्मणको गतिविधि नियालिरहेका यवक्रित उनका छेउमा गए र ब्राह्मणलाई सोधे, "महोदय, तपाईंले बालुवा नदीमा बगाउनुको कारण के हो ?" यवक्रितको प्रश्न सुनेर ब्राह्मण भेषधारी इन्द्रले भने, "मैले नदीमा पुल बनाउन बालुवा नदीमा बगाएको हुँ ।" यवक्रितले भने, "यसरी कसरी पुल बन्न सक्छ र महोदय, यो त तपाईंको बेकारको प्रयास हो । यसरी पुल बन्नै सक्दैन ।" मौका छोपेर ब्राह्मणले भने, "तपाईंले तपस्याबाट विद्या आर्जन गर्न सक्नुहुन्छ भने यसरी चाहिँ किन पुल बन्न सक्दैन । कारण त पक्कै होला नि ?" ब्राह्मणका कुरा सुनेर यवक्रितका आँखा खुले । त्यसपछि तपस्या गर्न छोडी यवक्रित पढ्न थाले । तीक्ष्ण दिमाग भएका यवक्रित छिटै विद्वान् भए ।

## परियोजना कार्य

**जानकार व्यक्तिहरूसँग सोधेर दुर्व्यसन र लागु औषधीको प्रयोगका हानिका बारेमा कम्तीमा दुई अनुच्छेद लेख्नुहोस् ।**

**उत्तर:** (विद्यार्थीले दुर्व्यसन र लागु औषधीसम्बन्धी कम्तीमा चारजना जानकार व्यक्तिसँग दुर्व्यसन के हो र यो कस्तो हुन्छ ? अनि लागु औषधी के हो र यसले मानिसको स्वास्थ्यमा कस्तो हानि नोक्सानी गर्छ ? जस्ता प्रश्न सोधी उनीहरूले दिएका उनका आधारमा परियोजना कार्य सम्पन्न गर्ने, दुई अनुच्छेदका नमुना तल दिइएको छ)

(क) हाम्रो समाजमा विद्यामान अनेक विकृतिहरूमध्ये एउटा गम्भीर प्रकृतिको विकृति लागुपदार्थको दुर्व्यसन हो । लागुपदार्थको दुर्व्यसनले आज नेपाली समाजका युवा पिँढीलाई नराम्रोसँग गाँज्दै लगिरहेको छ । दिन प्रतिदिन समाजमा मौलाउँदै गएको यस विकृतिबाट युवा युवतीहरूले आफ्नो अमूल्य जीवन बर्बाद पारिरहेका छन् । मुलुकले सक्षम जनशक्ति गुमाइरहेको छ भने अनेक परिवारलाई नष्ट गर्ने काम पनि गरिरहेको छ । हाम्रै वरिपरि विभिन्न परिवारका सदस्यहरू लागु पदार्थको कुलतमा फसेर जीवन र मृत्युका दोसाँधमा परेको देख्न पाइरहेका छौँ । आज जताततै दुर्व्यसनीहरू देख्न सकिन्छ । यसको निराकरणका लागि सबै सचेत हुन जरुरी छ ।

(ख) लागु औषधी प्रयोगका हानि नोक्सानी थुप्रै छन् । ऊर्जाशील युवाशक्ति कुनै पनि कामबाट पलायन हुनु र अराजकतातिर लाग्नु देशलाई ठुलो हानि हो । यसका साथै आफ्नो स्वास्थ्य कमजोर पार्ने र भएको सम्पत्ति समाप्त गर्नेमा समेत सक्रिय हुनुले घर परिवार तथा समाजलाई नै ठुलो नोक्सान भइरहेको हुन्छ । लागुपदार्थ सेवन गर्ने युवाबाट घर परिवार, समाज वा देशले कुनै आशा गर्नै सक्दैन । त्यसैले आजका युवाहरूलाई लागुपदार्थ दुर्व्यसनबाट जोगाउने अभियान नै सञ्चालन गर्नु आवश्यक छ । यसका लागि सबैको साथ र सहयोग चाहिन्छ ।

❑❑❑

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.